सधैँ लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी खबर
राष्ट्रिय दैनिक
माझखर्क साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर
आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्री पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा: ४५,०००/-
अन्तिम पृष्ठ पुरा: ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २८१ ▶▶ बैशाख १७ गते शुक्रबार,२०७८ ■ April -30 Friday, 2021 ▶▶ यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-

## उदयपुरमा कोविड कहर

# अब नागरिक्ता र परिचयपत्र पालोमा

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख १६*

कोविड २ संक्रमण प्रभावको प्रत्यक्ष मार सर्वसाधारण जनतालाई पर्ने भएको छ। संक्रमणको प्रभाव जिल्ला प्रशासन कार्यालयबाट दिइने सेवा सुविधामा परे अनुसार नागरिक्ता र राष्ट्रिय परिचयपत्र लिन पालो पर्खनुपर्ने भएको छ।

जिल्ला प्रशासन कार्यालय उदयपुरले बिहीबार एक सूचना जारी गर्दै कोविड संक्रमणबाट बँच्न र बँचाउन प्रशासनिक सेवा प्रवाहमा आलोपालोको व्यवस्था गर्ने निर्णय गरेको हो। प्रशासनले बिहीबार जारी गरेको सूचनामा आउँदो १९ गतेदेखि नागरिक्ता, नागरिक्ताको प्रतिलिपि तथा र राष्ट्रिय परिचयपत्र बनाउन आलोपालो सेवा दिइने जनाएको छ।

प्रशासनले जारी गरेको सूचना अनुसार पहाडी गाउँपालिकाहरु लिमचुङबुङ, उदयपुरगढी, ताप्ली र रौतामाईको हकमा सेवाग्राहीले कार्यालय खुलेका सबै दिन सेवा पाउनेछन् भने अन्यको हकमा पालो पर्खनु पर्नेछ। जस अनुसार बेलका नगरपालिकालाई आईतबार र सोमबार, चौदण्डीगढी नगरपालिकालाई मंगलबार र बुधबार तथा त्रियुगा नगरपालिकालाई बिहीबार र शुक्रबार सेवा दिइने छ।

जिल्लामा कोविड संक्रमितहरुको संख्या दिनदिनै बढ्दै गएको र देशविदेशका बिभिन्न भागबाट जिल्ला प्रवेश गर्नेहरुको संख्या पनि बृद्धि भएकाले जोखिम हुन नदिन यस्तो निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी तुलसीराम सैँढाईले बताए। उनका अनुसार कोविडको उच्च जोखिम रोकथाम र न्यूनिकरण गर्नका लागि यस्तो निर्णय गर्नुपरेको हो।

नागरिक्ता, नागरिक्ताको प्रतिलिपि तथा परिचयपत्र बाहेकका अन्य सेवा कार्यालय खुल्ने सबै दिन लिन सकिने प्रशासनले जनाएको छ।

जिल्ला कोविड संकत व्यवस्थापन समितिले बाहिर देशबाट आउनेहरुको पहिचान गरी क्वारेन्टीनमा राख्न पनि सबैलाई अनुरोध गरेको छ।

चोयु हिमालयन
चोयु हिमालयन नुडल्स तथा सस उद्योग
शुद्ध मैदाबाट बनाइएको थुप्पा चाउचाउ

त्रियुगा न.पा. - ३, भुल्के, उदयपुर
मोबाइल:- ९८१६७००३०५, ९८४९५३२२१५

# पोखरीमा डुबेर १५ वर्षीय बालकको मृत्यु

❖ मुलुकी संबाददाता

*दिउँसो हिडेका ढकाल साँझसम्म घर नफर्केपछि माईजु टीका विक र स्थानीयले खोज्दा पोखरीको डिलमा लुगा, कपडा र चप्पल फेला परेको थियो।*

*बगाहा, वैशाख १६*

गर्मी बढेसँगै पौडी खेल्ने क्रममा एकपछि अर्को गुबेर मृत्यु हुने क्रम बढेको छ। यसैबीच बुधबार साँझ पौडी खेल्ने क्रममा एक बालकको पोखरीमा डुबेर मृत्यु भएको छ।

दिउँसो पौडी खेल्ने भन्दै घरबाट निस्केका त्रियुगा नगरपालिका ४ बगाहाका बिबेक ढकाल पोखरीमा मृत भेटिएको प्रहरीले जनाएको छ। स्थानीय रोशन ढकालका १५ वर्षीय छोरा बिबेक बगाहाकै नवदिप टोलस्थित मामाघरमा बस्दै आएका थिए। पौडी खेल्न जान्छु भनेर घरबाट निस्केका उननी साँझसम्म नफर्के पछि खोजतलास गर्ने क्रममा पोखरीमा मृत भेटिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

प्रहरीका अनुसार दिउँसोदेखि हराएका ढकाल घर नफर्केपछि माईजु टीका विक र स्थानीयले खोज्दै जाँदा पोखरीको डिलमा लुगा, कपडा र चप्पल फेला परेको थियो। सो खवर प्रहरीलाई दिएपछि डिएसपी कमाण्डको टोली खट्दा साँझ ७:०० बजे ढकाललाई पोखरीभित्र मृत अवस्थामा फेला पारेको थियो।

घट्नास्थलको सर्जमिन मुचुल्का तयार गरी मृतकको लास जिल्ला अस्पतालमा पोष्टमार्टम गरी आफन्तलाई बुझाइएको प्रहरीले जनाएको छ। घट्नाबारे बिस्तृत अनुसन्धान भईरहेको प्रहरी प्रमुख एसपी भीमबहादुर दाहालले बताएका छन्।

ढकालको मृत्युसँगै उदयपुरमा सातादिन नबित्दै दुई बालकको डुबेर मृत्यु भएको छ। गत आईतबार मात्र पौडी खेल्ने क्रममा कटारी नगरपालिका ७ रतनपुरका एक बालकको मृत्यु भएको थियो। स्थानीय तावा खोलामा साथीहरुसँगै पौडी खेल्न गएका ४ वर्षीय रितेशकुमार मगरको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।




सफल वैवाहिक जीवनको शुभेक्षा !
अनन्य मित्र लिमचुङबुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टर्जनकुमार लिम्बुको उच्च अञ्चलत पाटनकी नाम्य सुश्री सम्भना लिङदेनसँग यही मिति: २०७८ वैशाख १८ गतेको शुभलग्नमा सम्पन्न वैवाहिक जीवन सुखद, दीर्घकालीन र अनुकरणीय बनोस्, नव दम्पतिलाई सफलताको हार्दिक शुभेक्षा !

महेश्वर चामलिङ
प्रधान सम्पादक
बुद्धिकुमार राई
संपादक
दिनेश राई
प्रबन्ध निर्देशक
मुलुकी
Majhkharka.com तथा Mulukikhabar.com परिवार

# मुलुकी दैनिक पत्रिकालाई सुझाब

**कुमार घिमिरे**, गाईघाट



गाईघाटबाट प्रकाशन हुने दैनिक पत्रिकाहरु मुलुकी दैनिक, बरुवा टाईम्स दैनिक, त्रियुगा एक्सप्रेस दैनिकहरु हुन् । त्यस्तै साप्ताहिकहरुमा पूर्णपुष्टि साप्ताहिक, माझखर्क साप्ताहिक, सगरमाथा खबर साप्ताहिक लगायत प्रकाशित हुँदै आएका छन् ।

तर, केही समयसम्म मुलुकी दैनिक हराएको होकि भन्ने अनुभव भएको थियो । अहिले पछिल्लो चरणमा मुलुकी दैनिक पत्रिकामा खोजमुलक समाचार र सत्यतथ्य, यथार्थपरक समाचारहरु अरु पत्रिकाहरु भन्दा मुलुकी दैनिकमा पढ्न पाइएको छ । मुलुकीको धेरै पुरानो नियमित ग्राहक पनि हो म । बिचमा चाहीँ अलिकति अलमलमा परेको हो कि, ओझेलमा परेको हो कि भन्ने खालको अनुभव भईरहेको थियो । अरु पत्रिकाको तुलनामा हामीले हेर्दा स्थानीयस्तरमा निस्किने पत्रिका मुलुकीमा राम्रा र खोजमुलक तथा यथार्थपरक समाचारहरु पाईन्छ ।

पत्रिका भनेको निष्पक्ष, स्वतन्त्र र समाजमा भएका विभिन्न विकृतिहरुलाई कसैको दबाव र प्रभावमा नपरी सबै जनतालाई छर्लङ्ग हुने गरी प्रकाशन हुनुपर्छ भन्ने मान्यता छ । त्यसभित्र मुलुकी पत्रिका पर्छ र यसले अझै प्रभावकारी भुमिका खेलोस् भन्ने कुरा भन्न चाहन्छु ।

पत्रिकाहरुमा स्थानीयस्तरमा भएका कुराहरुलाई सबैभन्दा बढी ध्यान केन्द्रित गर्नुपर्छ भन्ने लाग्छ । त्यस्तै अहिलेका जनप्रतिनिधिहरुले गरेका गतिविधिहरु, विकास निमार्णका कामहरु विभिन्न ठाउँमा बनिरहेका योजनाहरु कतिपय ठाउँमा हामीले पनि देखेका छौं । स्थानीय तहले बनाएको बिकास निर्माणका कामहरु महिना दिन पनि नबित्दै लथालिङ्ग भएको स्थिति छ । यी सबै कुराहरुलाई मुलुकी दैनिकले बिगतमा उद्धार गरेको छ र आउँने दिनमा पनि यसैगरी उद्धार गर्नुपर्छ भन्ने अपेक्षा छ ।

मुलुकी दैनिकले जति समाचारहरु प्रकाशन गरिरहेको छ, बाहिर ल्याएको छ, अरु पत्रिकाले त्यति ल्याएकोजस्तो लाग्दैन । र सकेसम्म अरु पत्रिकाहरुलाई पनि मेरो सुझाव छ, मुलुकीलेजस्तै उहाँहरुले पनि सबै समाजमा भएका कुराहरुलाई बाहिर ल्याइदिनु पर्छ भन्ने सुझाव दिन चाहान्छु ।

**गङ्गाप्रसाद चामलिङ**, गाईघाट



पत्रिकाले सबै क्षेत्रको समचार समेटिनु पर्छ भन्ने मेरो धारणा हो । विकास निर्माणको कुरा, नयाँ ताजा घट्नाहरुको बारेमा जानकारी र समसामयिक राजनीतिक समाचारहरु प्रकाशन गर्नुपर्छ । मुलुकी पत्रिकामा चार पेज मात्र भएकाले धेरै समाचार पर्न सक्दैन जस्तो लाग्यो । सकेसम्म धेरैभन्दा धेरै समाचार छापिनु पर्छ, त्यसका लागि पेज थप्नु उपयुक्त हुन्छ भन्ने लाग्छ ।

**लछमण श्रेष्ठ**, गाइघाट



गाईघाटका दैनिक पत्रिकाहरु बरुवा टाइम्स धेरै पढ्छु । बरुवा टाइम्समा बढी बिज्ञापनको प्रचार छ, समाचार कम छ । मुलुकी दैनिकमा धेरै गाईघाटको समाचार देखिन्छ । पत्रिकाहरु हेर्दा हरेस र निरास लाग्ने कुरा मात्र लेखेको हुन्छ । हत्या हिंसा, लुटपाट, बलात्कार, लागू पदार्थको सेबन गरी प्रहरीले पक्राउ गरेको समाचारलाई पत्रिका, अनलाइनहरुले प्राथामिकता दिनु भएन । त्यस्ता गलत गतिबिधि न्युनिकरण गर्ने उपायहरुको बारेमा लेख लेख्नु पर्छ । अझ हामीजस्ता युवा ब्यापारी, व्यवसायीहरुलाई व्यापार, व्यवसाय, कृषि, मनोरञ्जनबारेको सकारात्मक समाचारहरु मुलुकी दैनिमा पढ्न पाइयोस् ।

**अर्जुन साह**, गाईघाट




स्थानीय समाचार, प्रदेश समाचार, जनचेतना फैलाउने, स्थानयि जनप्रतिनिधि, प्रशासनको गतिबिधि प्रकाशन गर्नुपर्छ । मास्क कसरी लगाउने, कोभिडबाट बँच्न के-के गर्ने भनेर जनचेतना फैलाउने समाचार मुलुकी दैनिकमा प्रकाशन हुनुपर्यो ।









# त्रियुगाले किसानलाई छुटमा मकै बिउ

❖ मनिताकुमारी राई

*गाईघाट, वैशाख १६*

त्रियुगा नगरपालिकाले १६ वटै वडाहरुमा बर्षे मकैको बीउ बितरण गरेको छ। नगर पालिकाको कृषि नगर कृषि इकाइ शाखाले बैतडी जिल्लाबाट उन्नत जातको रामपुर कम्पोजिट र मनकामना नामक मकैको बीउ खरिद गरि नगरपालिकाको सबै १६ वटै वडाको कृषकहरुक मकैको बीउ बितरण गरेको हो।

नगर कृषि इकाइले ३ लाख ५३ हजार अनुदानमा पश्चिम नेपालको बैतडी जिल्लाबाट ८ हजार ७ सय केजी मकैको बिउ ल्याएर नगर पालिकामा बितरण गरिएको त्रियुगा कृषि नगर इकाइका प्राविधिक सहायक प्रमिला दनुवार ले बताईन्।



प्रति किलो १ सय २० रुपियमा खरिद गरी किसानलाई ५० प्रतिशत अनुदानमा प्रति किलो ६० रुपियाले बिक्रि गरिएको हो। नगरपालिकाको सबैभन्दा बढि माग वडा नम्बर १० बोक्से, वडा नम्बर ८ राजाबास, वडा नम्बर ९ गैरुन वडाले बिउ किनेर लगेको छ। जम्मा ८ हजार ७ सय केजीमा बिहिबार सम्ममा एक सय ५० केजी मकैको बिउ अझै बिक्रि हुन बाँकी छ। यो बिउ केही दिनमा बिक्रि भईसक्ने जनाइएको छ। अब जेठको पहिलो हप्ता नगर कृषि इकाइले किसानहरुको लागि धानको बिउ बितरण गर्दैछ।




**बुबाको नाममा सल्लाको रुख।** बरिष्ठ पत्रकार कौशल चेमजोङले आफ्नो स्वर्गिय बुबा सर्वजित लिम्बुको नाममा जिल्ला आँखा अस्पताल उदयपुरको परिसरमा २०७६ भदौ १८ गते रोपेको सल्लाको बिरुवा। । *तस्विरः बुद्धि चामलिङ ।*

*मुलुकी दैनिक* पत्रिका तपाईको घर, कार्यालय, पसलमा नआएमा, ढिलो आएमा, नया ग्राहक बन्नु परेमा, विज्ञापन छपाउनु परेमा सम्पर्क गर्नुहोस्।
सम्पर्क - ९८४२९८५१८८

ताप्ली गाउँपालिकाको कार्यालयद्वारा
गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यपार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

ताप्ली गाउँपालिकाको कार्यालय
रुपाटार, उदयपुर

सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।

- आफूले सञ्चालन गरेको व्यापार, व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं ।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

राजनीतिवादमुक्त, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान, जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । जन्म, मृत्यु, बिबाह, बसाई सराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ताहरु सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

लिम्चुङबुङ गाउंकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल



**उदयपुर गाइघाटको महिला फुटबल खेलाडीहरु ।** बिहिबार दिउँसो थरुहट रंगशाला उदयपुर गाईघाटमा अभ्यास गर्दै उदयपुर गाईघाटका महिला फुटबल खेलाडीहरु बाँयाबाट क्रमश प्रनिशा तामाङ, दुर्गा मगर, सुनिता चामलिङ राई, दिपा मगर, भावना थापा । *तस्विर: मुलुकी ।*

# जलजले ट्राफिकले मास्क बाँड्यो

❖ मुलुकी सम्बाददाता

जलजले, बैशाख १६ त्रियुगा नगरपालिका ६ जलजलेका सर्बसासाधरणलाई कोविडबाट बँच्नउ उपायबारे जनचेतनाका लागि ट्राफिक प्रहरीले मास्क बाँडेको छ । बिहीवार ट्राफिक प्रहरी पोष्ट जलजलेका इन्चार्ज प्रहरी हवल्दार शङ्कर लामिछानेको नेतृत्वमा जलजले बजारका स्थानीयलाई मास्क बितरण गरिएको हो ।

जिल्ला ट्राफिक उदयपुरले पनि बजारमा जनचेतना फैलाउन मास्क बितरणलाई तिब्रता दियको छ।



# बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा । इच्छुकले सम्पर्क गर्नुहोला ।

सम्पर्क –९८४२९९४३३०






त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।

प्रोपाइटर:–**थमान चामलिङ राई**

सम्पर्क:– ९८४२९७५८७७, ९८१९७३८६८३

*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*

हामी स्थानीय हौ, स्थानीय उत्पादन नै उपयोग गरौं,

स्थानीय उत्पान नै प्रयोग गरौ !

हामी सबैको रोजाइ गिरीबन्धु प्लाष्टिकका पाइप !








## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुरक बोडिङदेखि पुर्व काका होटलसँगै जोडिएको ।

प्रोपाइटर:–**बिनोदकुमार पाण्डे**

सम्पर्क:– ९८५२८३०५८२

*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*


माझखर्क साप्ताहिकको सह प्रकाशन मुलुकी दैनिक

प्रकाशक/संस्थापक संपादक: महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/www.mulukikhabar.com
मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट